# माछापुच्छ्रे बैंक लिमिटेडको
# अठारौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

## १. वैधानिक सभा :

माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०७३/०८/२१ मा बसेको संचालक समितिको ३३२ वैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको अठारौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष डा. बिरेन्द्र प्रसाद महतोज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय :

**मिति** : २०७३ साल पौष २२ गते (तदनुसार ६ जनवरी, २०१७), शुक्रबार
**समय** : विहान ११:०० बजे
**स्थान** : होटल पोखरा ग्राण्ड, पार्दि, पोखरा, कास्की

## ३. उपस्थिति :

### सञ्चालकहरुको उपस्थिति :

(क) डा. विरेन्द्र प्रसाद महतो - अध्यक्ष
(ख) श्री प्रकाश के.सी. - सञ्चालक
(ग) श्री गोपी कृष्ण न्यौपाने - सञ्चालक/लेखापरिक्षण समितिका संयोजक
(घ) श्री ज्ञान प्रसाद कर्माचार्य - सञ्चालक
(ङ) श्री रोशन के.सी. - सञ्चालक
(च) श्री मंगेशलाल श्रेष्ठ - सञ्चालक
(छ) श्री राममान श्रेष्ठ - सञ्चालक
(ज) श्री हरिभक्त सिग्देल - सञ्चालक
(झ) श्री जय मुकुन्द खनाल - सञ्चालक

### पदाधिकारीहरुको उपस्थिति :

(क) श्री निरज कुमार श्रेष्ठ - प्रमुख कार्यकारी अधिकृत
(ख) श्री सुमन शर्मा - नायव प्रमुख कार्यकारी अधिकृत
(ग) श्री अर्जुन थापा - सहायक महाप्रबन्धक
(घ) श्री सन्तोष कोईराला - सहायक महाप्रबन्धक
(ङ) श्री सर्जुकुमार थापा - वरिष्ठ प्रबन्धक
(च) श्री टिका भट्टराई - कम्पनी सचिव
(छ) श्री सुभाष जमरकट्टेल - वित्त तथा योजना विभाग प्रमुख
(ज) श्री ईश्वर बहादुर रावल - प्रशासन प्रमुख

### आमन्त्रितहरूको उपस्थिति :

(क) श्री शशी सत्याल - टि.आर. उपाध्या एण्ड कम्पनी, लेखापरिक्षक
(ख) श्री बालकृष्ण ढकाल - कानूनी सल्लाहकार
(ग) श्री गोविन्द कुमार श्रेष्ठ - निर्बाचन अधिकृत

**शेयरधनीहरुको उपस्थिति :-**

| | | |
|---|---|---|
| (क) | स्वयं उपस्थित | - ३२८ जना |
| (ख) | प्रतिनिधिपत्रद्वारा उपस्थित | - ३६७ जना |
| | **जम्मा उपस्थिती** | **- ६९५ जना** |

## ४. सभाको सुचना :

अठारौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा संचालक समितिको प्रतिवेदन, आ.ब. २०७२/७३ को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरीने विषयहरु शेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै सोही व्यहोराको सूचना प्रथम पटक मिति २०७३ मंसिर २४ गतेको कारोबार दैनिकमा प्रकाशित भएको थियो भने सो पछि मिति २०७३ मंसिर ३० गतेको नागरिक दैनिक, मिति २०७३ पौष १७ र १८ गतेको आर्थिक अभियान दैनिक, त्यसैगरि पोखराबाट प्रकाशित हुने हिमदुत दैनिक, आदर्श समाज दैनिक, समाधान दैनिक, गोल्डेन न्यूज दैनिक पत्रिकाहरुमा समेत प्रकाशित गर्नुका साथै बैंकको वेब साईट www.machbank.com मा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सुचित गरिएको थियो ।

## ५. सभामा भएका छलफलका विषयहरु :

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७२/७३ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७२/७३ को नाफा नोक्सान हिसाब र सोहि अवधिको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्ने ।

३. आर्थिक वर्ष २०७३/७४ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक टि.आर. उपाध्या एण्ड कम्पनी, चाटर्ड एकाउन्टेण्टस् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम रु. ४,२२,०४,७३७.०० (अर्थात हालको चुक्ता पुँजीको १.०९ प्रतिशत) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनको लागि) प्रदान गर्न स्वीकृत गर्ने ।

५. सर्बसाधारण समूहका शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव :**

१. बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ८०,१८,९०,०००/- बराबर (अर्थात बैंकको हालको चुक्ता पूँजीको २०.७५ प्रतिशत) बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. बैंकको सत्रौं बार्षिक साधारण सभाबाट पारित ५० प्रतिशत हकप्रद शेयर तथा माथि विषेश प्रस्ताव नं. १ मा प्रस्तावित बोनस शेयर जारि भई कायम हुने चुक्ता पूँजीको १२ प्रतिशत (अर्थात रु. ७९,१८,४४,०००.०० बराबर) हकप्रद शेयर निस्काशन गर्ने प्रस्ताव पारित गर्ने ।

३. बैंकले आर्थिक वर्ष २०७२/७३ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सिमा नाघेको हुँदा सो अन्तर्गत भएको खर्च रु. ३२२,०५५.०० अनुमोदन गर्ने ।

४. माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न) तथा प्राप्ती वा (एक्विजसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ति गर्ने सम्बन्धि सम्झौता गर्न तथा सो सम्बन्धि आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सत्रौं बार्षिक साधारण सभाले संचालक समितिलाई प्रदान गरेको अख्तियारीलाई निरन्तरता प्रदान गर्ने ।

५. निम्न विषयहरुका सम्बन्धमा प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले संशोधन वा परिवर्तन गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन वा परिवर्तन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(क) विशेष प्रस्ताव नं. १ र २ बमोजिम जारि गरिने बोनस तथा हकप्रद शेयरको हदसम्म जारि पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने,

(ख) बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय गण्डकी अञ्चल, कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. ९ बाट वागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. २, लाजिम्पाटमा स्थानान्तरण गर्ने,

ग. **विविध :** (विविध अन्तर्गत केही विषय नभएको)

## ६. गणपुरक संख्या, सभाको बैधानिकता :

| कुल शेयधनीको संख्या | जम्मा उपस्थित संख्या (स्वयं तथा प्रतिनिधिपत्रद्वारा) | जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| २७,२६२ (क-ख समुह) | ६९५ (स्वयं ३२८ जना र प्रतिनिधिपत्रद्धारा ३६७ जना) | २,६०,४८,४३० | ६७.४०% |

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सभा सम्वन्धि सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावलीमा उल्लेख भए बमोजिम सभामा ५० प्रतिशतभन्दा बढी अर्थात ६७.४० प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्या पुगेकोले सभा संचालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

## ७. सभाको सभापतित्व र सभा संचालन :

आजको यस सभाको अध्यक्षता/सभापतित्व गरिदिन कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम (१) अनुरुप सञ्चालक समितिका अध्यक्ष डा. बिरेन्द्र प्रसाद महतोज्यूलाई अनुरोध गर्नु भयो र बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो । प्रचलित कानूनको पालना भएको हुँदा सभाका सभापति डा. बिरेन्द्र प्रसाद महतोज्यूको अनुमतीले वार्षिक साधारण सभाको काम कार्वाही अगाडि बढ्यो ।

## ८. कम्पनी सचिवबाट स्वागत मन्तव्य :

कम्पनी सचिवले बैंकको यस अठारौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका शेयरधनी तथा अन्य सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नु भयो । साथै, शेयरधनीहरुबाट सदा भै बैंकलाई सहयोग, सद्भाव, सल्लाह प्राप्त भई नै रहने अपेक्षा राख्दै बैंकको यस १८ औं बार्षिक साधारण सभामा सहभागी हुन आउनु भएका शेयरधनी महानुभावहरुलाई बैंकको तर्फबाट पुन: स्वागत तथा आभार प्रकट गर्नुभयो ।

## ९. सभाका सभापतिज्यूबाट संचालक समितिको बार्षिक प्रतिवेदन प्रस्तुती :

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभापति डा. बिरेन्द्र प्रसाद महतोज्यूले आफ्नो मन्तव्य सहित बैंकको संचालक समितिको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सञ्चालक समितिको प्रतिवेदन र लेखापरिक्षकको प्रतिवेदन सहितको मिति २०७३ आषाढ मसान्तको वासलात, मिति २०७२ श्रावण १ गतेदेखि मिति २०७३ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका सम्बन्धित अनुसूचिहरु छलफलका लागि सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

यसै क्रममा साधारण सभामा पेश भएको विशेष प्रस्ताव नं. ५ को (ख) मा रहेको बैंकको केन्द्रिय कार्यालय पोखराबाट काठमाडौं स्थानान्तरण प्रस्तावका सम्बन्धमा थप सम्भाव्यता अध्ययन गरि पछि पुनर्बिचार गर्ने गरि मिति २०७३/०९/२२ गते विहान ९:३० बजे वसेको सञ्चालक समितिको ३३५ औं बैठकबाट हाल बैंकको केन्द्रिय कार्यालय पोखराबाट काठमाण्डौ स्थानान्तरण गर्ने प्रस्तावलाई स्थगित गर्ने निर्णय गरेको व्यहोरा साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## १०. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती र छलफल :

छलफलको क्रममा भाग लिने निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

**१. श्री अम्बर तुलाचन**

- बैंकले झण्डै २२ प्रतिशत लाभांश वितरण गर्न सक्षम भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्नु भयो ।
- मर्जर कार्य सजिलो नहुने भएको हुँदा बैंकले बिना मर्जर पनि नेपाल राष्ट्र बैंकले तोके बमोजिमको पूँजी आफै पूरा गर्न सकेकोमा खुसी व्यक्त गर्नुभयो ।
- बैंकको केन्द्रिय कार्यालय काठमाडौं स्थानान्तरण गर्ने प्रस्ताव फिर्ता लिएकोमा संचालक समितिलाई धन्यवाद ।

**२. श्री युक्त बहादुर गुरुङ्ग**

- बैंकले लगानी Portfolio विस्तार गरि बोण्डमा गरिने लगानी र कृषि क्षेत्रमा समेत लगानी बढाउन सुझाव दिनु भयो ।
- बैंकले प्रदान गर्ने चन्दा, आर्थिक सहायताको रकमलाई व्यवस्थित रुपले खर्च गर्नु पर्ने धारण व्यक्त गर्नु भयो ।
- बैंक छोटो अवधि मै रु. ८ अर्ब पूँजीको हुन लागेकोमा खुसी व्यक्त गर्नु भयो ।
- बैंकको केन्द्रिय कार्यालय काठमाडौं वा पोखरा जहाँ राखे पनि पोखराका शेयरधनीहरु तथा ग्राहकहरुलाई दिनु पर्ने सुविधामा कमि नआउने र सरल रुपमा बैंकको सेवा प्राप्त गर्न सकिने व्यवस्था गर्न सुझाव दिनु भयो ।



Machhapuchchhre Bank Ltd.

- पोखरा वासी शेयरधनीहरुलाई शेयर अभौतिकरण (Dmat) गर्न सहज नभईरहेको हुँदा शेयरधनीहरुलाई शेयर सम्बन्धि जानकारी तथा सेवा पोखराबाट समेत उपलब्ध हुन सक्ने व्यवस्था गर्न अनुरोध गर्नुभयो ।
- आगामि दिनमा बैंकको केन्द्रिय कार्यालय काठमाडौंमा स्थानान्तरण भयो भनेपनि समय समयमा पोखरामा समेत बैंकको बार्षिक साधारण सभा गर्न सुझाव दिनु भयो ।

### ३. श्री कृष्ण कुमारी पहारी

- बैंकको Financial Indicators सकारात्मक रहेकोमा खुसी व्यक्त गर्नु भयो ।
- बैंकले निष्कृय कर्जा कम गर्न सकेको धारणा व्यक्त गर्नु भयो ।
- कर्मचारीले बैंक छाड्ने क्रमको सम्बन्धमा चासो व्यक्त गर्दै दक्ष कर्मचारीलाई बैंक नछाड्न प्रोत्साहित गर्ने सम्बन्धमा व्यवस्थापनको ध्यानाकर्षण गर्नु भयो ।
- बैंकको ब्याज आम्दानी बढाउन नेपाल राष्ट्र बैंकले तोकेको अधिकतम ५ प्रतिशतको स्प्रेड दरको उच्चतम उपयोग गर्नु पर्ने सुझाव व्यक्त गर्नु भयो ।
- बैंकको वासलातमा तिर्न बाँकी कर्जा सापट शिर्षकमा देखिएको रकम के हो, किन बैंकले कर्जा लिनु परेको हो भन्ने निज्ञासा व्यक्त गर्नु भयो ।

### ४. श्री रोज कुमार श्रेष्ठ

- केही बर्ष अगाडि सम्म अप्ठ्यारोमा परेको बैंकले राम्रो कार्यसम्पादन गरि हाल २०.७५ प्रतिशत बोनश शेयर दिन सक्ने अवस्थामा आईपुगेकोमा खुसी व्यक्त गर्नु भयो ।
- बैंक बार्षिक रु. १ अर्बभन्दा बढी खुद मुनाफा कमाउने बैंकहरुको सूचिमा आउनु पर्ने सुझाव व्यक्त गर्नु भयो ।
- बैंकका अधिकतम शेयरधनीहरु काठमाडौंमा रहेको र कर्पोरेट कार्यालय काठमाडौंमा रही बैंकको केन्द्रिय प्रशासनिक कार्य समेत काठमाडौंबाट नै हुने गरेको हुँदा केन्द्रिय कार्यालय पनि काठमाडौंमा नै सार्नु पर्ने धारणा व्यक्त गर्नु भयो ।

### ५. श्री डम्मरु बल्लभ घिमिरे

- माछापुच्छ्रे बैंक क्षेत्रिय बैंक नभई केन्द्रिय बैंक भएकोले समेत कन्द्रिय कार्यालय काठमाडौंमा नै हुनु पर्नेमा जोड दिनु भयो ।
- बैंकले पटक पटक केन्द्रिय कार्यालय काठमाडौंमा स्थानान्तरण गर्ने प्रस्ताव ल्याई पुन: प्रस्ताव फिर्ता लिने कार्यमा असन्तुष्टि जनाउनु भयो ।
- बैंकले समय मै बार्षिक साधारण सभा गर्न सफल भएको र २०.७५ प्रतिशत बोनस शेयर दिन सफल भएकोमा खुसी व्यक्त गर्नु भयो ।
- समिक्षा अवधिमा बैंकले गरेको व्यवसाय बृद्धिमा सन्तुष्टि व्यक्त गर्दै यसलाई निरन्तरता दिन सुझाव दिनु भयो ।
- बैंकले गैर बैंकिङ्ग सम्पत्तिलाई यथाशिघ्र बिक्री गर्नु पर्ने सुझाव दिनु भयो ।

### ६. श्री उद्धव प्रसाद घिमिरे

- बैंकले गरेको अथक प्रयास पछि झण्डै २२ प्रतिशत लाभांश वितरण गर्न सफल भएकोमा खुसी व्यक्त गर्नु भयो ।
- बैंकको बार्षिक प्रतिवेदन हेर्दा व्यवस्थापन Dynamic रुपमा अगाडि बढेको देखिन्छ । यसलाई थप अगाडि बढाउन सुझाव ।

- बैकले आगामि बर्षहरुमा समेत यसै अनुरुप लाभांश वितरण गर्न सक्ने गरि कार्य गर्न सुझाव दिनु भयो ।
- बैंकले आफ्नो छुट्टै क्यापिटल मार्केट खोल्न सुझाव दिनु भयो ।

**७. श्री सूर्य बहादुर के.सी.**

- बैंक रु. १२ करोडको चुक्ता पूँजीबाट आँफैले हाल रु. ८ अर्ब पुऱ्याउन सफल भएकोमा खुसी व्यक्त गर्नु भयो ।
- बैंकको केन्द्रिय कार्यालय पोखराबाट काठमाडौं स्थानान्तरण गर्ने प्रस्ताव फिर्ता लिने कार्य बृद्धिमतापूर्ण भएको विचार व्यक्त गर्नु भयो ।
- माछापुच्छ्रे बैंक क्षेत्रीय स्तरको बैंक नभई राष्ट्रिय स्तरको बैंक नै भएको धारणा व्यक्त गर्नु भयो ।
- बैंकसंग धेरै स्थिर सम्पत्ति रहेको हुँदा सोको हालको मूल्य समेतलाई विचार गर्दा बैंक सवल रहेको धारणा व्यक्त गर्नु भयो ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा सभापतिज्यूको अनुमतीले प्रमुख कार्यकारी अधिकृतले दिनु भएको प्रत्युत्तर :**

शेयरधनी महानुभावहरुले आर्थिक वर्ष २०७२/७३ को वित्तीय विवरण तथा बैंकको कृयाकलापका सम्बन्धमा सुक्ष्म विश्लेषण गरेर दिनुभएका महत्वपूर्ण एवं सकारात्मक सुझाव तथा सल्लाहका लागि धन्यवाद ज्ञापन गर्दै बैंक सञ्चालनका सम्बन्धमा शेयरधनीहरुले दिनु भएका सम्पूर्ण राम्रा सुझावहरुलाई बैंकले लागु गर्दै जाने प्रतिवद्धता व्यक्त गर्नु भयो । साथै, शेयरधनी महानुभावहरुबाट व्यक्त जिज्ञासाहरुको सम्बन्धमा निम्न बमोजिम स्पष्ट पार्नु भयो ।

- नेपाल राष्ट्र बैंकले निर्देशित गरेको व्यवस्था अनुरुप बैंकले विपन्न बर्गमा प्रत्यक्ष लगानी गर्ने सम्बन्धमा नीतिगत व्यवस्था गरि कृषि क्षेत्रमा स्वयं आफैले प्रत्यक्ष रुपमा समेत लगानी गरि रहेको छ र यसलाई अझ विस्तृत रुपमा अगाडि लैजान आवश्यक कार्य भईरहेको जानकारी गराउनु भयो ।
- बैंकले UK Aid द्वारा संचालित सक्षम एक्सेस् टु फाईनान्स् परियोजनाको सहकार्यमा प्रत्यक्ष रुपमा लघु वित्त कर्जा (DSL) सम्बन्धि कार्यक्रम अगाडि बढाउन बैंकका निश्चित चौधवटा शाखा पहिचान गरेर तथा २० ठाँउमा Branchless Banking Units खडा गर्ने आवश्यक प्रकृया अगाडि बढाई सकिएको छ ।
- मर्जर तथा प्राप्ती (Merger/ Acquisition) सम्बन्धि कार्य सजिलो नभए पनि बैंकले मर्जर तथा प्राप्ती गर्ने बाटो खुल्ला राखि अध्ययन गरि रहेको छ । माछापुच्छ्रे बैंकका आफ्ना शाखा नभएको वा कम भएका स्थानमा बैंकको व्यवसाय तथा शाखा सञ्जाल विस्तार गर्न र थप पूँजी बृद्धिको लागि समेत राम्रो बैंक वा वित्तिय संस्था पाएमा प्राप्ती (Acquisition) गर्न प्राथमिकता दिई अध्ययन गरिरहेको छ ।
- माछापुच्छ्रे बैंकले संस्थागत सुशासनको उल्लंघनलाई शून्य सहनशिलताको नीति अवलम्बन गर्दै सुशासनका आधारभूत पक्षहरू सूनिश्चित गर्न प्रतिबद्ध रहेको छ । बैंकको निर्णय पद्धति र काम कारबाहीहरूलाई प्रचलित ऐन कानून र Industry best practices बमोजिम पारदर्शी गरिएको छ ।
- बैंकले आफ्नो छुट्टै क्यापिटल मार्केट खोल्नको लागि निर्णय गरि दर्ता प्रकृया समेत अगाडि बढाई सकेको छ । हाल नेपाल धितोपत्र वोर्ड (SEBON) ले क्यापिटल मार्केटको ईजाजत पत्र दिने कार्य केही समयमको लागि स्थगित गरेको हुँदा सो कार्य सम्पन्न हुन सकेको छैन ।
- बैंकको हालको कूल कर्जा करिब रु. ५१ अर्ब, कूल निक्षेप करिब रु. ५८ अर्ब र खुद मुनाफा करिब रु. ५० करोडको हाराहारीमा रहेको छ ।

- नेपाल राष्ट्र बैंकले जलविद्युत परियोजना, कृषि क्षेत्र, पशुपंक्षी तथा मत्स्यपालन व्यवसाय, उत्पादनमूलक उद्योग, पर्यटन उद्योग लगायत तोकिएका विभिन्न क्षेत्रमा प्रवाह भएको कर्जामा पुनरकर्जा सुविधा उपलब्ध गराइने व्यवस्था भए बमोजिम यस बैंकले उक्त क्षेत्रमा कर्जा प्रवाह गर्दा आफ्ना ग्राहकहरुलाई न्यून दरमा कर्जा उपलब्ध गराउनको लागि नेपाल राष्ट्र बैंकबाट लिएको पुनरकर्जा रकम रु. १ अर्ब २२ करोडलाई वासलातमा कर्जा सापट शिर्षकमा देखिएको छ ।
- बैंकको लगानी पोर्टफोलियो विस्तार र बृद्धि गर्ने सम्बन्धमा प्राप्त सुझावका लागि धन्यवाद दिदै सो अनुरुप बैंकले कार्य गरिरहेको छ ।
- बैंकको केन्द्रिय कार्यालय जहाँ रहेपनि बैंकका शेयरधनी तथा ग्राहकहरुको सेवा र सुविधामा कुनै कमि हुन नदिन बैंक प्रतिवद्ध रहेको छ ।
- बैंकले आफैले निक्षेप सदस्य (DP) को कार्य गर्न शुरु गरिसकेको र काठमाडौं वाहिरका ग्राहकहरुलाई समेत शेयर सम्बन्धि सेवा सरल रुपमा प्रदान गर्न उचित व्यवस्था गरिनेछ ।
- बैंकमा दक्ष जनशक्तिले बैंक छाड्ने दर अत्यन्त न्यून रहेको छ । बैंकका दक्ष कर्मचारीहरुले बैंक नछाडुन् भन्ने सम्बन्धमा र कर्मचारीको काम गर्ने वातावरणको सम्बन्धमा बैंक व्यवस्थापन र संचालक समिति सचेत रहेको छ ।
- बैंक व्यवस्थापन र कर्मचारीहरु बीचको सम्बन्ध अत्यन्त सामंजस्यपूर्ण रहेको छ ।
- कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि बैंकले आवश्यक तालिम तथा बृति विकासका कार्यक्रमहरु लागु गर्ने गरिएको छ ।
- बैंकमा रहेका गैर बैंकिङ्ग सम्पत्तिहरु (NBAs) लाई यथाशिघ्र बिक्री गर्ने बैंकको नीति रहेको छ । केही प्राविधिक कठिनाई वा कानूनी अड्चनका कारणले रोकिएका वाहेक अन्य गैर बैंकिङ्ग सम्पत्तिहरु बैंकले बिक्री गर्दै गएको छ ।
- बैंकको मुनाफा निरन्तर बृद्धि हुँदै गएको छ र यसै आर्थिक बर्षमा नै बैंकले रु. १ अरबभन्दा बढी खुद मुनाफा कमाउने लक्ष्य लिएको छ ।
- बैंकको स्प्रेड दर ४ प्रतिशतभन्दा बढी रहेको र सोलाई ५ प्रतिशत कै हाराहारीमा कायम राख्न बैंक प्रयत्नसिल रहेको छ ।

## ११. सभाको निर्णय :

### (क) सामान्य प्रस्ताव तर्फ :

१. छलफलको लागि सभामा प्रस्तुत प्रस्ताव नं. १ बमोजिम आर्थिक वर्ष २०७२/७३ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी अध्यक्षज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. प्रस्ताव नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७२/७३ को नाफा नोक्सान हिसाब र सोहि अवधिको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पुर्ण वित्तीय विवरणहरुलाई पारित गरियोस् भनी अध्यक्षज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात् सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

३. प्रस्ताव नं. ३ बमोजिम आर्थिक वर्ष २०७३/७४ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा लेखापरिक्षण समितिले कम्पनी ऐनको दफा १६५(घ) बमोजिम लेखापरीक्षकको रुपमा नियुक्त हुन योग्य बैंकका साविक लेखापरिक्षक टि.आर. उपाध्या एण्ड कम्पनी, चाटर्ड एकाउन्टेण्टस् नियुक्तीका लागि सिफारिश गरेको र निजलाई लेखापरीक्षण शुल्क

लगायत Tax Audit, Long Form Audit Report (LFAR), कम्पनी ऐन २०६३ को दफा ७८ को प्रतिवेदन प्रमाणीकरण तथा वास्तविक बिल अनुसार भुक्तानी गर्ने गरि अन्य विविध खर्च लगायत Statutory Auditor ले गर्नु पर्ने सम्पूर्ण कार्यहरुको लागि कूल लेखापरीक्षण शुल्क कर बाहेक रु. १४,००,०००/- प्रदान गर्ने सिफारिस गरेको हुनाले सो सिफारिस साधारण सभाबाट स्वीकृतीका लागि सभापतिको अनुमतिले लेखापरिक्षण समितिका संयोजक श्री गोपी कृष्ण न्यौपानेज्यूले राख्नु भएको प्रस्ताव उपर सभामा विस्तृत छलफल भई सर्वसम्मतिले पारित गरियो ।

४. प्रस्ताव नं. ४ बमोजिम संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई रु. ४,२२,०४,७३७.०० (अर्थात हालको चुक्ता पुँजीको १.०९ प्रतिशत) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनको लागि) प्रदान गर्न पारित गरियोस् भनि अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

५. प्रस्ताव नं. ५ बमोजिम सर्बसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा बैंकको नियमावली तथा संचालक निर्वाचन कार्यविधि निर्देशिका अनुसार सभालाई निर्वाचन कार्यक्रमको जानकारी गराउन तथा निर्णयार्थ सभामा पेश गर्न निर्बाचन अधिकृत श्री गोविन्द कुमार श्रेष्ठलाई अध्यक्षज्यूले अनुरोध गर्नुभयो ।

निर्वाचन अधिकृतज्यूले निर्वाचनमा अपनाईएका प्रक्रिया तथा समय तालिका बारे विस्तृत जानकारी गराँउदै तोकिएको समयावधिमा निम्न ४ (चार) जना उम्मेदवारहरुले मनोनयन पत्र दाखिला गराउनु भएको जानकारी गराउनु भयो ।

| क्र.सं. | उम्मेदवारहरुको नाम, थर |
|---|---|
| १. | श्री हरिभक्त सिग्देल |
| २. | श्री विश्व प्रकाश गौतम |
| ३. | श्री ओमेश लाल श्रेष्ठ |
| ४. | श्री राममान श्रेष्ठ |

उक्त चार जना उम्मेद्वारको सम्बन्धमा कुनै किसिमको बिरोध/उजुरी नपरेको र उम्मेद्वारी फिर्ता लिन तोकिएको समय भित्र उहाँहरुले आफ्नो नाम फिर्ता समेत नलिनु भएको हुँदा चार जना उम्मेद्वार कै नाम अन्तिम नामावलीको रुपमा प्रकाशित भएको थियो । उक्त चार जना मध्ये तीन जना संचालक निर्वाचनको लागि मतदानको प्रक्रिया संचालन गर्ने क्रममा एक जना उम्मेद्वार श्री हरिभक्त सिग्देलले निर्वाचन अधिकृत समक्ष मिति २०७३/०९/२२ मा लिखित रुपमा नाम फिर्ता लिने निवेदन पेश गर्नु भएको र बैंकको संचालक निर्वाचन सम्बन्धी निर्देशिकाको बुँदा नं. ११(१) अनुरुप उक्त नाम फिर्ता लिन अध्यक्षज्यूले अनुमति प्रदान गर्नु भएकोले उम्मेदवार श्री हरिभक्त सिग्देलको नाम सूचिबाट हटाउने निर्णय भएको थियो । अत: सर्बसाधारण समूहका शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्न जति पद संख्यामा निर्वाचन हुनु पर्ने हो, त्यति नै संख्याको मात्र उम्मेदवारी कायम रहन गएको हुँदा ३ (तीन) जना उम्मेदवारहरु **१. श्री विश्व प्रकाश गौतम, २. श्री ओमेश लाल श्रेष्ठ र ३. श्री राम मान श्रेष्ठ** संचालक पदमा निर्विरोध निर्वाचित हुनुभएको निर्वाचन अधिकृतले घोषणा गर्नु भयो र सोलाई साधारण सभाबाट सर्वसम्मतिले पारित गरियो ।

## (ख) विशेष प्रस्ताव तर्फ :

१. विशेष प्रस्ताव नं. १ बमोजिम बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ८०,१८,९०,०००.०० बराबर (अर्थात बैंकको हालको चुक्ता पूँजीको २०.७५ प्रतिशत) बोनस शेयर वितरण गर्न स्वीकृत गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२. विशेष प्रस्ताव नं. २ बमोजिम प्रस्तावित बैंकको सत्रौं बार्षिक साधारण सभाबाट पारित ५० प्रतिशत हकप्रद शेयर तथा विषेश प्रस्ताव नं. १ मा प्रस्तावित बोनस शेयर जारि भई कायम हुने चुक्ता पूँजीको १२ प्रतिशत (अर्थात रु. ७९,१८,४४,०००.०० बराबर) हकप्रद शेयर निस्काशन गर्ने प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

३. विशेष प्रस्ताव नं. ३ बमोजिम बैंकले आर्थिक वर्ष २०७२/७३ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सिमा नाघेको हुँदा सो अन्तर्गत भएको खर्च रु. ३२२,०५५.०० अनुमोदन गरियोस भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले अनुमोदन गरियो ।

४. विशेष प्रस्ताव नं. ४ बमोजिम माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न) तथा प्राप्ती वा (एक्विजसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ति गर्ने सम्बन्धि सम्झौता गर्न तथा सो सम्बन्धि आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सत्रौं बार्षिक साधारण सभाले संचालक समितिलाई प्रदान गरेको अख्तियारीलाई निरन्तरता प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

५. विशेष प्रस्ताव नं. ५ बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धि प्रस्तावका सम्बन्धमा बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय गण्डकी अञ्चल, कास्की, पोखराबाट वागमती अञ्चल, काठमाडौं, लाजिम्पाटमा स्थानान्तरण गर्ने प्रस्तावलाई बैंकको सञ्चालक समितिको बैठकबाट स्थगित गर्ने निर्णय भएको हुँदा केन्द्रीय कार्यालय स्थानान्तरण सम्बन्धि प्रबन्धपत्रको दफा २(१) र २(२) र नियमावलीको नियम (२) को संशोधन प्रस्ताव वाहेक बैंकको जारि पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा प्रबन्धपत्रको दफाहरु ५(ख) र ५(ग) मा निम्न बमोजिम संशोधन गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले संशोधन वा परिवर्तन गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन वा परिवर्तन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनि अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

Machhapuchchhre Bank Ltd. Corporate Office

प्रबन्धपत्र

दफा ५ : **बैंकको पूंजीको संरचना :**

(ख) बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रु. ७,३९,०५,४४,०००/- (अक्षेरुपी सात अरब उनान्चालीस करोड पाँच लाख चवालीस हजार रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले ७,३९,०५,४४० (सात करोड उनान्चालीस लाख पाँच हजार चार सय चालीस थान) साधारण शेयरमा विभाजित गरिएको छ ।

(ग) बैंकको तत्काल चुक्ता पूँजी न्युनतम ७,३९,०५,४४,०००/- (अक्षेरुपी सात अरब उनान्चालीस करोड पाँच लाख चवालीस हजार रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले ७,३९,०५,४४० ( सात करोड उनान्चालीस लाख पाँच हजार चार सय चालीस थान) साधारण शेयरमा विभाजित गरिएको छ ।

**(ग) विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।**

## १२. सभापतिज्यूबाट सभाको विषर्जन :

सभाको अन्त्यमा सभापतिज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र संचालक समितिबाट स्थगित गर्ने निर्णय गरिएको विशेष प्रस्ताव नं. ५ को (ख) मा उल्लेखित बैंकको प्रधान कार्यालय पोखराबाट काठमाडौंमा स्थानान्तरण गर्ने सम्बन्धि प्रबन्धपत्रको दफा २(१) र २(२) तथा नियमावलीको नियम (२) को संशोधन प्रस्ताव वाहेक अन्य सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत्तिबाट पारित भएको घोषणा गर्नु भयो ।

सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्दै संचालक समितिमा श्री विश्व प्रकाश गौतम, श्री ओमेश लाल श्रेष्ठ र श्री राम मान श्रेष्ठ निर्विरोध निर्वाचित हुनु भएको हुँदा उहाँहरुलाई हार्दिक बधाई एवं स्वागत गर्दै उहाँहरुको कार्यकालको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो । साथै, हालसम्म बैंकको संचालक समितिमा रही योगदान पुऱ्याउनु हुने श्री मंगेशलाल श्रेष्ठ र श्री हरिभक्त सिग्देलले आफ्नो कार्यकालमा बैंकलाई पुऱ्याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

सभाको अन्त्यमा अध्यक्षज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरीदिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्स्चेञ्ज प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाको उच्च प्रशंसा गर्दै आजको यो अठारौं वार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

Machhapuchchhre Bank Ltd. Corporate Office

............................
टिका भट्टराई
कम्पनी सचिव

............................
डा. बिरेन्द्र प्रसाद महतो
सभाका सभापति/ अध्यक्ष